# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, असार ६ गते २०६५ साल (संख्या ११

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

#### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी B.P. Koirala Memorial cancer hospital, Bharatpur, Chitwan को लागि Pfizer Italia S.P.A. बाट अनुदान स्वरुप प्रदान गरिने अमेरिकी डलर ७८,९८६.०० (अठहत्तर हजार नौ सय छयासी) मूल्य बराबरको Sutent 12.5 mg. औषधिहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

#### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Tilganga Eye Centre को लागि Himalayan Cataract Project, USA बाट उपहार स्वरुप प्रदान गरिने यूरो ३७,५००.०० (सैंतीस हजार पाँच सय) मूल्य बराबरको आँखा उपचारमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयोग हुने सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी कास्को जिल्ला, भरतपोखरी गा.वि.स. वडा नं. ८ स्थित श्री ब्रम्हज्योति प्राथमिक विद्यालयको लागि Center for ICT Research and Development Forum. Japan बाट सहयोग स्वरुप प्रदान गरिने जापानी येन १,४४,९००.०० (एक लाख चौवालिस हजार नौ सय) मूल्य बराबरको ६ (छ) वटा कम्प्यूटर आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल,मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी National Zoonoses and Food Hygiene Research Centre (NZFHRC) नामको गैह्र सरकारी संस्थाको लागि बेल्जियम सरकारबाट Impact Assessment and Control of Cysticercosis in the Indian Subcontinent कार्यक्रमको लागि उपहार स्वरुप प्रदान गरिने यूरो ४,५३६.४४ (चार हजार पांच सय छत्तीस, सेन्ट चवालिस) मूल्य बराबरको स्वास्थ्य सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँको भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६४ का दफा २०ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय, इञ्जिनियरिङ्ग अध्ययन संस्थानको पुल्चोक क्याम्पस अन्तर्गत विज्ञान तथा मानविकी विभागको लागि Norwegian University of Science and Techenology,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Norway बाट अनुदान सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ९,८८५.०० (नौ हजार आठ सय पचासी) मूल्य बराबरको Microtops Sunphotometer र त्यसका Accessories आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँको अन्य सबै भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६४।१२।२० को निणयानुसार कृषि चुन उद्योग लिमिटेडको आ. व. २०३३।३४ देखि २०५२।५३ सम्मको आयकर वक्यौता रकम रु. ५१,३३,२७३।२६ (एकाउन्न लाख तेतीस हजार दुई सय त्रिहत्तर, पैसा छब्बीस) र घरेलु शिल्पकला बिक्री भन्डार लिमिटेडको आ. व. २०३८।३९ देखि २०४५।४६ सम्मको आयकर वक्यौता रकम रु. ३,०५,२०५।२१ (तीन लाख पाँच हजार दुई सय पाँच, पैसा एक्काईस) मिन्हा दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय मानव अधिकार आयोगलाई UNDP को CDNHRC परियोजनाबाट हस्तान्तरण गरिने अमेरिकी डलर ७,४७३.३६ (सात हजार चार सय त्रिहत्तर, सेन्ट छत्तीस) मूल्य बराबरको ९ (नौ) थान मोटरसाइकलहरूमा एक प्रतिशत भन्सार महसुल असुल गरो बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर, स्थानीय विकास शुल्क तथा अन्तःशुल्क पूरै छूट दिने निणयगरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी कास्की नेत्रहीन संध नामको गैह्र सरकारी संस्थाको लागि Netherland Force Foundation, Netherland बाट उपहार स्वरुप प्रदान गरिने भा. रू. ३,६१,९००।- (तीन लाख एकसठी हजार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नौ सय) मूल्य बराबरको कम्प्युटर युक्त श्रव्य सामाग्रीहरू आयात गर्दा भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायतका शुल्कहरू पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय क्षयरोग केन्द्र, ठिमी भक्तपुरको लागि **International Dispensary Association (IDA), Switzerland** बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ३९,७,८०.०७ (उनन्चालीस हजार सात सय असी, सेन्ट सात) मूल्य बराबरको क्षयरोगका औषधीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी श्रम तथा यातायात व्यवस्था मन्त्रालयको लागि नेपाल सरकार र दक्षिण कोरिया सरकार बीच नेपाली कामदार दक्षिण कोरिया पठाउने सम्बन्धमा भएको **Service Commitment Agreement** को दफा **VI** बमोजिम दक्षिण कोरियाबाट प्रदान गरिने अमेरिकी डलर ८७२.६४ (आठ सय बहत्तर, सेन्ट चौसठी) मूल्य बराबरको **Question Paper & Answer** लेख्ने **Paper** २७ (सत्ताईस) प्याकेटमा भन्सार महसुल पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारको मिति २०६५।२।१४ को निर्णयानुसार पुनरावेदन सरकारी वकील कार्यालय दिपायलमा कार्यरत नेपाल न्याय सेवा, सरकारी वकील समूह, राजपत्राङ्कित द्वितीय श्रेणीका उप न्यायाधिवक्ता श्री चन्द्र प्रकाश बरालले दिनु भएको राजीनामा मिति २०६२।११।११ गतेदेखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

आज्ञाले,
कोमलप्रसाद आचार्य
उप सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो,हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।